**स्थानीय राजपत्र**

**केरावारी गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड ४, संख्या ७, २९ भाद्र २०७७**

# भाग-२

# केराबारी गाउँपालिकाको कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

स्वीकृत मिति :- २०७७/०५/२९

पृष्ठभुमि :केरावारी गाँउपालीका क्षेत्र भित्र कृषिलाई व्यावसायिकरण गरी कृषिलाई नाफामुलक तथा सम्मानित पेशाको रुपमा स्थापित गर्दै यस क्षेत्र मार्फत रोजगारीका

अवसरहरु श्रृजनागरी सुदृढ ग्रामिण अर्थतन्त्र बनाउन कृषि व्यावसायलाई अगालेका वा भविश्यमा अगाल्ने आर्थिक तथा प्राविधिक सहयोग नपुगेका तथा आर्थिक स्थिती कमजोर भएका संगठित तथा असङ्गठित कृषकहरुलाई कृषि यान्त्रिकिकरण, बजार विकास, फलफुल तथा तरकारी विकास, च्याउ खेती प्रवर्दन, मौरी विकास, नगदे बाली प्रवर्दन, बालि विकास, बाली संरक्षण साथै अन्य बिभिध कृषि कार्यक्रम मार्फत आर्थिक स्थितिमा सुधार ल्याउन, स्वरोजगारमा वुद्धि गर्दै कृषिजन्य उत्पादनमा गाँउपालिकालाई आत्मनिर्भर बनाई निर्यात योग्य बस्तुको रुपमा रुपान्तरण गर्न तथा बिनियोजित बजेट लाई व्यावस्थित तथा पारदर्शी रुपमा कार्यान्वयन गर्न साथै केरावारी गाँउपालिकाको कृषि ऐन-२०७७ ले परिकल्पना गरेका निर्दिष्ट लक्ष्य पुरा गर्न केरावारी गाँउ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरि लागु गरेको छ ।

## परिच्छेद — १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यबिधिको नाम "केरावारी गाउँपालिकाको कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि - २०७७" रहेको छ ।

(ख) यो कार्यबिधि केरावारी गाँउपालीका ,गाँउ कार्यपालिकाको कार्यालयबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२. परिभाषा :- बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा

(क) "कार्यक्रम " भन्नाले यस कार्यविधि बमोजिम संचालन हुने कृषि विकास कार्यक्रम सम्झनु पर्छ ।

(ख) "कार्यालय "भन्नाले केरावारी गाँउपालीका ,गाँउ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ । सो शब्दले वडा समितिको कार्यालय समेतलाई जनाउछ ।

(ग) "कृषक" भन्नाले कृषि उत्पादनमा प्रत्यक्ष संलग्न भएको व्यक्तिलाई तथा केरावारी गाँउपालिकाको कृषि ऐन २०७७ अनुसार परिभाषित ब्यक्ती सम्झनु पर्दछ ।

(घ) "कृषि तथा सहकारी शाखा" भन्नाले केरावारी गाँउपालिका अन्तरगत रहेको कृषि तथा सहकारी शाखा सम्झनु पर्दछ ।

(ङ) "कृषि समिति" भन्नाले केरावारी गाँउपालिकाको कृषि ऐन २०७७ बमोजिम कार्यपालिका बाट गठित गाँउपालीका स्तरीय कृषि समिति सम्झनु पर्दछ ।

(च) "ऐन" भन्नाले केरावारी गाँउपालिकाको कृषि ऐन २०७७ लाई सम्झनु पर्दछ ।

(छ) "फर्म" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको निजी क्षेत्रका व्यवसायी /उद्यमीको संस्थालाई सम्झनु पर्दछ ।

(ज) "कम्पनी " भन्नाले व्यवसाय गर्न चाहने व्यक्ति वा समूहले प्रचलित कम्पनी कानून अनुरुप दर्ता भएका संस्थालाई सम्झनु पर्दछ ।

(झ) "कृषक समूह" भन्नाले कृषि पेशामा संलग्न भई मिल्दाजुल्दा समस्या, आवश्यकता र चाहनाहरु भएका न्यूनतम् १५ वा सो भन्दा बढी व्यक्तिहरु मिलि सामूहिक प्रयत्नद्धारा कृषि क्षेत्रमा साझा उद्देश्यहरु प्राप्त गर्न साविकको जिल्ला कृषि विकास कार्यालय तथा गाँउपालिकामा दर्ता भएका केरावारी गाँउपालिकाभित्रका कृषक समूह सम्झनु पर्दछ ।

(ञ) "कृषि सहकारी" भन्नाले विगत सहकारी डिभिजन कार्यालय तथा जिल्ला कृषि विकास कार्यालय अन्तर्गत दर्ता भएका वा केरावारी गाँउपालिका भित्र रहेका सहकारी ऐन २०७५ अनुरुप दर्ता भएका संस्था सम्झनु पर्दछ ।

(ट) "अनुदान" भन्नाले यस कार्यविधि अनुरुप संचालन गरिने कार्यक्रमको लागि कार्यालयबाट उपलब्ध गराइने रकम वा जिन्सी सामग्रीलाई सम्झनु पर्दछ ।

(ठ) "अनुदान ग्राही" भन्नाले यस कार्यविधि अनुसार अनुदान प्राप्त गर्ने कृषक/फर्म/कृषक समूह/कृषि तथा बुउद्देश्यिय सहकारी संस्था आदीलाई सम्झनु पर्दछ ।

(ड) "स्वीकृत बार्षिक वजेट" भन्नाले केरावारी गाँउपालिकाको चालु आ.व. बाट कृषि विकास कार्यक्रम संचालनको लागि तोकिएको बजेट रकम भन्ने सम्झनु पर्दछ ।

## परिच्छेद — २

## कृषि विकास कार्यक्रम संचालन हुने क्षेत्र तथा बिधि

**१. कार्यक्रमका क्षेत्र देहाय बमोजिम हुनेछ :-**

(क) तरकारी खेती

(ख) मौरी पालन

(ङ) कृषि यान्त्रिकरण

(च) नगदे बाली/औद्योगिक बाली

(छ) च्याउ खेती

(ज) फलफुल खेती साथै तिनिहरुको नर्सरी उत्पादन

(झ) खाध्यान्न/दलहन/ तेलहन बाली आदी

(ञ) पुष्प खेती/ आलङ्कारिक बस्तुको खेती

**२. कार्यक्रम संचालन क्षेत्र,अवधी ,दायित्व तथा अनुदानग्राही**

(क) कार्यक्रम संचालन हुने क्षेत्रहरु :- केरावारी गाँउपालीकाका भित्रका सम्भावना भएका वडाहरु हुनेछन ।

(ख) कार्यक्रम अवधि :- कार्यक्रमको संचालन अवधि चालु आ.व.को हुनेछ । आवश्यकता र सम्भावनाको आधारमा आगामी आ.व. हरुमा अवधि थप गर्न सक्नेछ ।

(ग) कार्यक्रम कार्यान्वयन सम्बन्धि जिम्मेवारी तथा दायित्व :- प्रस्तावक कृषक छनौट गर्न कृषि समितिले कुनै खास वार्ड तोक्न सक्नेछ र तोकीएको वार्डमा कार्यक्रम संचालन गर्ने दायित्व कृषि तथा सहकारी शाखाहरुको हुनेछ ।

(घ) अनुदान प्राप्त गर्न सक्ने साझेदारहरु :- बिधिगत रुपमा दर्ता तथा नविकरण भएका कृषक समुह/ कृषि साथै कृषि कार्य गर्ने उद्देश्य लिएका बहुउद्देश्य सहकारीहरु/कृषि फर्म/ कृषि उधोग साथै कृषकहरु अनुदान प्राप्त गर्ने साझेदार हुनेछन ।

३. **अनुदानका कार्यक्रम छनौटको आधारहरु :-** अनुदान कार्यक्रम सञ्चालनार्थ कृषक समुह/ कृषि साथै कृषि कार्य

गर्ने उद्देश्य लिएका बहुउद्देश्य सहकारीहरु/कृषि फर्म/ कृषि उधोग साथै कृषकहरु देहाय बमोजिम हुनेछन् ।

(क) अनुदानमा संचालन गरिने कृषि खेती व्यवसायको स्थल प्राविधिक, भौगोलिक तथा आर्थिक दृष्टिकोणले उपयुक्त हुनुपर्नेछ ।

(ख) खेती व्यवसायको लागी जमीन आफनै वा भाडामा लिएर गर्न सकिने छ । खेती व्यवसाय गर्ने कृषक सोही गाँउपालिकाको स्थायी बासिन्दा हुनु पर्ने बाध्यकारी नभए पनि सम्बन्धित गाँउपालिकामा नै खेतीको लागि प्रस्ताव गरेको हुनुपर्नेछ ।भाडाको जमिनको हकमा लामो प्रकृतिको फलफुल खेती बाहेक अन्य कृषि कार्यमा १० बर्षको भाडा संझौता हुनुपर्ने छ ।

(ग) व्यवसायिक खेती व्यवसायको लागि सम्बन्धित कृषकले कार्यक्रम अनुसार लागत साझेदार गर्न प्रतिबद्ध हनुपर्ने छ । उक्त रकम/श्रमदान/जिन्सी वा तिनै थरी गरी हुन सक्नेछ ।

(घ) महिला, दलित, मुक्त कमैया, सामाजिक रुपमा पिछडिएका तथा विपन्न कृषकवर्गको हितलाई विशेष प्राथमिकता दिईनेछ ।

(ङ) छनौट गर्दा गाँउपालिकाले निर्धारण गरेको पकेट क्षेत्र वा सो आसपासका क्षेत्रमा कृषि व्यवसाय संचालन गर्ने कृषकलाई प्राथमिकता दिईनेछ ।

(च) वातावरणीय अनुकूलका कृषि व्यवसायलाई प्रोत्साहित गरिनेछ ।

(छ) गाँउपालिका तथा अन्य सरकारी तथा गैह्र सरकारी निकायका अन्य कार्यक्रमबाट कृषि व्यवसायका लागि सहयोग नलिएको कृषकहरुलाई प्राथमिकता दिइनेछ ।

(ज) एक पटक अनुदान पाएका कृषक/सगोलमा रहेका कृषक परिवारलाई पून: सोही प्रकृतिको अनुदान प्रदान गरिने छैन ।

(झ) छनौट भएका अनुदान कार्यक्रमहरु सोही आर्थिक वर्ष भित्र पुरा हुनुपर्दछ ।

**(४) कार्यक्रम संचालन प्रकृया :-**

(क) कृषि तथा सहकारी शाखाले अनुदानमा संचालन गरिने कार्यक्रमहरुको लागि ३० दिनको म्याद राखी सुचना प्रकासन गर्नुपर्ने छ । यसरी सुचना प्रकासन गर्दा तल्लो तह सम्म पुग्ने गरी बिधुतिय माध्याम, सामाजिक संजाललका साथै अन्य छापा माध्यमको प्रयोग गर्नुपर्ने छ ।उक्त अवधीभरमा पर्याप्त आवेदन नपरेमा पुन १५

दिनको सुचना दोश्रो पटक प्रकासन गर्नु पर्ने छ । यदी सो समयमा पनी पर्याप्त निवेदन नआएमा जती निवेदन परेका छन त्यती लाई मात्र कार्यक्रम संचालन गरिने छ ।

(ख) अनुदानग्राहीले कार्यक्रम माग गर्दा समय अबधी भित्रै तोकिएको मापदण्डको अधिनमा रही निवेदन दिनुपर्नै छ । अनुदानका लागी किसानहरुले माग गर्दा आफु संलग्न संस्थाहरु बाट प्राप्त फर्मेट भरी निवेदन सम्बन्धीत संस्थामै दिनुपर्ने छ । सम्बन्धित संस्थालले एकमुष्ठ रुपमा प्रारम्भिक छानविन गरी किसानहरुको सक्कलै निवेदन तथा आवाश्यक कागजात सहित संस्थागत निर्णय गरी सम्बन्धित वडा कार्यालयहरु वा कृषि तथा सहकारी शाखामा पेष गर्नुपर्ने छ ।यसरी पेष गर्दा वडा कार्यालयको सिफारिस अनिवार्य रुपमा संलग्न हुनु पर्ने छ ।उल्लेखित प्रकृया बाहेक आवेदन बिधुतिय माध्यामबाट पनी हाल्न सकिनेछ यस कार्यका लागी कृषि तथा सहकारी शाखाले आवाश्यक प्रकृया मिलाउने छ ।

(ग) कृषि तथा सहकारी शाखाले प्राप्त निवेदनहरु उपर प्रारम्भीव छानविन गरी कृषि समितिको बैठकमा पेश गर्नुपर्ने छ । कृषि समितिले संबन्धित वडाहरु संग समन्वय गरेर आवाश्यक छाँनविन गरी अनुदानग्राहीको नामावली तयारी तथा किसान छनौट गरी कार्यपालिकामा अनुमोदनका लागि पेश गर्नुपर्ने छ ।

(घ) कार्यपालिकाबाट अनुमोदन भए पस्चात छनौट भएका अनुदानग्राहीको नामावली प्रकाशन गरी सम्बन्धित पक्षलाई कार्यक्रम संझौताका लागी सुचना प्रकाशन गरि जानकारी गराउनुपर्ने छ ।यसरी सुचना प्रकाशन भएको १५ दिन भित्र आवाश्यक कागजातका साथ कार्यक्रम संझौता गर्नु पर्ने छ ।१५ दिन सम्म पनि कार्यक्रम संझौता गर्न नआएमा बैकल्पिक प्रस्तावकलाई कार्यक्रममा सामेल गरिने छ ।

(ङ) कार्यक्रम संझौता तथा कार्यादेश पाएको समय भित्र कार्य सम्पन्न गरी भुक्तानीका लागी आवाश्यक कागजात सहित बील भरपाई कार्यालयमा पेश गर्नुपर्ने छ ।

(च) सम्बन्धित अनुदानग्राही ले शुरुमा आफ्नो लगानीबाट संझौता अनुसारको कार्य सम्पन्न गरी नियमाअनुसार वील भरपाई र प्राविधिकको कार्य सम्पन्न प्रतिवेदन सहित भुक्तानी को लागि निवेदन पेश गर्नुपर्ने छ । तत्पस्चात गाँउपालिकाबाट स्थलगत अनुगमन गरि मनासिव ठहरेमा अनुदान रकम भुक्तानी हुनेछ ।

(छ) कार्यालयले बील भरपाई साथै आवाश्यक कागजात पुर्ण रुपमा प्राप्त भए पस्चात समयमै भुक्तानी दिनुपर्ने छ ।यसरी भुक्तानी गर्दा नियम अनुसार करकट्टी बाहेक केरावारी गाँउपालिकाको कृषि ऐन २०७७ बमोजीम १% रकम कट्टा गरी कृषि विपत राहत तथा किसान कल्याण कोषमा जम्मा गर्नु पर्नेछ र बाँकी रकम भुक्तानी दिनुपर्ने छ ।

(ज) सम्पन्न भएका कृयाकलापहरुको अनुदान रकम साझेदारको बैक खाता मार्फत भुक्तानी प्रदान गरिने छ ।

(५) कार्यक्रमको अनुगमन तथा मुल्याङकन :- (क) निवेदन प्राप्त भएपछि कार्यक्रम छनौटका अतिरिक्त कार्यक्रम संचालन भईरहेका समयमा तथा समापन भएपस्चात कार्यक्रमको अनुगमन गर्नुपर्ने छ । कार्यक्रमहरुको

अनुगमन कृषि समितिका अतिरिक्त, गाँउपालिका स्तरीय अनुगमन समिति, सम्बन्धित वडा कार्यालय, गाँउपालिका प्रमुख वा प्रमुख प्रशासकिय अधिकृतले गर्न सक्ने छन ।

(ख) अनुगमनका क्रममा त्रृटी देखिएमा सम्बन्धीत पक्षले दिएको निर्देशन अनुदानग्रहीले पालना गर्नुपर्ने छ । संझौता अनुरुप काम नगरेमा कार्यालयले भुक्नी रोक्का गर्न सक्ने छ । अनुदानमा उपलब्ध गरेका सामाग्रीहरु गैह्र प्रयोजन तथा कार्यक्रमको मर्म अनुरुप प्रयोग नभएमा  वा कार्यक्रम बाहेकका अतिरिक्त कार्यमा उपयोग गरेमा उक्त सामाग्री गाँउपालिकाले फिर्ता लिन सक्ने छ ।

(६) **कृषि व्यावसायका लागी न्युनतम मापदण्ड :-** केरावारी गाँउपाललिका भित्र कृषि कार्य गर्ने किसानहरुले देहायका मापदण्ड अनिवार्य पालना गर्नुपर्ने छ ।

(क) कृषि कार्यमा गर्दा लाग्ने खर्च, आम्दानी साथै फार्म गतिविधीको अनिवार्य रेकर्ड राख्नुपर्ने छ।

(ख) खेती प्रणाली न्युनतम दुरी सहित हारहार प्रणाली बाट लगाउनु पर्ने छ ।

(ग) कृषि फार्ममा जिवअमृत, डिकम्पोजर र जैविक बिषाधी अनुवार्य बनाउनुपर्ने छ ।

(ङ) कृषि पर्यटनलाई आकर्षक गराउन साथै फार्म आकर्षक बनाउन बिभिन्न किसिमका सदावहार बोटबिरुवा, आकर्षक आलङ्कारीक बिरुवा पुष्प सजावट जस्ता कार्य अनिवार्य गर्नु गर्नुपर्ने छ ।

(च) कृषि कार्य गर्ने तथा स्मार्ट फोन बोक्ने मानिसले अनिवार्य कृषि संग सम्बन्धीत मोबाईल एप्लीकेसन (कृषि गुरु/स्मार्ट कृषि/ कृषि घर तथा अन्य ) डाउन्लोड गर्नुपर्ने छ भने घरमा टेलिभिजन हुनेहरुले अनिवार्य कृषि टेलिभिजन हेर्नुपर्ने छ ।

(च) कृषि फार्म तथा कृषि कार्यको अनिवार्य विमा गर्नुपर्ने छ ।

**(७) आवेदन पेश गर्दा संलग्न गर्नुपर्ने आवाश्यक कागजातहरु**

(क) समुह/सहकारी/फर्म दर्ताको फोटोकपी ।

(ख) PAN /VAT को प्रतिलिपि ।

(ग) सहकारी संस्था भए अघिल्लो बर्षको लेखापरीक्षण प्रतिवेदन ।

(घ) नागरीकताको प्रतिलिपी, जग्गा धनि पुर्जा/ व्यावसायिक करारनामाको प्रतिलिपी (लालपुर्जा

नभएको जग्गामा वडा कार्यालयको भोगचलनको सिफारिस ।

(ङ) कार्यालयले तोके बमोजीमको फारम भरी निवेदन ।

(च) वडा कार्यालयको सिफारिस ।

(छ) समुह /सहकारीले फारम भर्दा कुन कार्यक्रम कुन सदस्यलाई हो सो खुलाई निजको नागरिकताको फोटोकपी सहितको विवरण भरी पेश गर्नुपर्ने छ ।

(ज) अनलाईन फारम भर्दा कार्यालएले तोकेको अवधिमा माथि उल्लेखित कागजातहरु पेष गर्नुपर्ने छ ।

(८) वडा कार्यालयहरु बाट संचालन हुने कृषिका कार्यक्रमहरु पनि यसै कार्यबिधि बमोजिम हुने छ ।

**(९) बाधा अड्चन फुकाउने :-** यस कार्यविधिको कार्यन्वयन मा कुनै बाधा अड्चन उत्पन्न भएमा तथा कुनै विषय अस्पष्ट भएमा कृषि समितिले निर्णय गरी सो बाधा अड्चन फुकाउन सक्नेछ ।

**(१०) खारेजी र संशोधन :-** यो कार्यविधिलाई कार्यपालिकाले आवश्यकता अनुसार संशोधन वा खारेज गर्न सक्ने छ ।

## परिच्छेद - ३

## मौरी विकास तथा प्रवर्दन कार्यक्रम

केरावारी गाँउपालिका क्षेत्र भित्र धेरै स्थानमा सामुदायिक सरकारी र निजि रुपमा  बन जङ्गल रहेको साथै फलफुल तथा तरकारी खेती पनी बृद्धी हुदै गईरहेको र मौरी चरन क्षेत्रको विस्तार गर्न सकिने अत्यन्तै धेरै संभाब्यता छ । बन जंङ्गल धेरै रहेकोले मौरी उधोगका लागी आवाश्यक काठपात  समेत प्रसस्ती रहेकोले सो बाट मौरी घार तथा मौरीजन्य उधोग स्थापना गर्न सकिने  संभावना रहेकाले यो कार्यक्रम बाट मौरी तथा मौरी जन्य उद्योगको विकास साथै प्रवर्दनन गरी यो क्षेत्र मार्फत रोजगारीका अवसरहरु श्रर्जना गर्ने उद्देश्यले यो कार्यक्रम ल्याईएको हो ।

**(१) कार्यक्रमको नाम :- मौरी घार तथा मौरी जन्य उधोग स्थापना सहयोग कार्यक्रम ७५% लागत साझेदारी**

(१.१) मौरी घार तथा मौरीजन्य उधोग संचालन गर्ने उधमिलाई उक्त कार्य संबन्धी साधारण तथा आधारभुत ज्ञान भएको हुनु पर्ने छ ।

(१.२) यातायात तथा बिधुतको सुविधा पुगेको स्थान हुनुपर्ने छ ।

(१.३) सम्बन्धित बिषयमा कम्तिमा ३ बर्ष देखी काम गरिरहेको हुनु पर्ने छ ।

(१.४) कम्तिमा १० बर्ष काम गर्ने प्रतिबद्दता गर्नुपर्ने छ ।

(१.५) कार्यक्रममा संचालन हुने कृयाकलापहरु

(क) यो कार्यक्रम अनुदानग्राहिको मागमा आधारित हुनेछ ।

(ख) अनुदानग्रहीले मौरीघार उधोगका लागी चाहिने घर, टहरा निर्माण गर्न सक्ने छन ।

(ग) मौरी जन्य उधोगका लागी चाहिने आवाश्यक औजार उपकरण तथा अन्य उत्पादन संग सम्बन्धित सामाग्री खरिद ।

(घ) अनुदान प्राप्त रकम चालु खर्च तलब, भत्ता लगाएत अन्य चालु प्रकृतिका सामाग्री खरिदमा भने खर्च गर्न पाउने छैन ।

(१.५) अनुदान रकम स्विकृत कार्यक्रममा उल्लेख भए बमोजिम हुनेछ, लागत स्टिमेटको २५% रकम अनुदानग्रहीको अनिवार्य लागत साझेदारी हुनुपर्ने छ । अनुदान रकमको १% रकम कृषि बिपत राहत तथा किसान कल्याण कोषको लागी कट्टा गरिने छ ।

**(२) कार्यक्रमको नाम :- मौरी घार वितरण ५०% लागत साझेदारी**

(२.१) मौरिपालन सम्बन्धी आधारभुत ज्ञान भएको ।

(२.२) घरमा परम्परागत घारमा मौरी पालन गरिरहेको ।

(२.३) कम्तिमा ७ घार मौरी पालन गर्न प्रतिबद्द ।

(२.४) अनुदान प्राप्त मौरी को बिमा गर्नु पर्ने छ ।

(२.५) ५०% प्रतिशत लागत साझेदार गर्न प्रतिबद्ध ।

मुल्याङकनका आधारहरु

| क्र.स. | मुल्याङ्कनको आधार | अधिकतम मुल्याङ्कन नं | | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| १ | मौरी उधोग/मौरिपालन सम्बन्धी आधारभुत ज्ञान | भएको | ३० | | ५०% भन्दा कम मुल्याङ्कन भएमा कार्यक्रममा अनुदान दिन पाईने |
| | | नभएको | १५ | | |
| २ | सडक तथा बिधुतको सुविधा पुगेको स्थान/ अन्य भौतिक पुर्वधार हुनुपर्ने छ | पुगेको | २० | | |
| | | नपुगेको | १० | | |
| | | भएको | ३० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | सम्बन्धित बिषयमा कम्तिमा ३ बर्ष देखी काम गरिरहेको /परम्परागत मौरी घार भएको | नभएको | १५ | | छैन यस्तो भएमा र कुनै पनी आवेदकको न्युनतम मापदण्ड नपुगेमा पुन बिज्ञापन गर्नुपर्ने छ । |
| ४ | अन्य अनुगमनमा गएका पदाधिकारीको स्वमुल्यङ्कन | | २० | | |

परिच्छेद - ४

## च्याउ खेती प्रवर्दन कार्यक्रम

केरावारी गाँउपालिका भौगोलिक दृष्टिकोण तथा हावापानी दृष्टिकोण बाट च्याउ खेती गर्न उपयुक्त स्थान रहेको छ । यहाँ

नेपालमा खेति भईरहेका कन्य, गोब्रे, सिताङ्के र दुधे च्याउ गरी सवै प्रकारका च्याउ खेती गर्न सकिने सम्भाबना रहेको साथै यि च्याउहरुको बजारमा माग समेत उच्च रहेकाले च्याउ खेती बिस्तार गरी रोजगारीका अवसरहरु श्रृजना गर्ने तथा च्याउ खेतीलाई व्यावस्थित बनाउने उद्देश्यले यो कार्यक्रम ल्याईएको हो ।

**(१) कार्यक्रमको नाम :- प्रस्तावनामा आधारित च्याउखेती प्रवर्दन कार्यक्रम**

यो कार्यक्रम अन्तर्गत अनुदानग्राहिले कन्य, गोब्रे, सिताङ्के र दुधे च्याउ गरी सवै प्रकारका च्याउ खेती गर्न तथा व्यावसायिक सम्भावना भएका अन्य सवै प्रकारका च्याउको खेती गर्न सक्ने छन ।

(२) कार्यक्रम संचालनका आधारभुत मापदण्डहरु साथै छनौट

(२.१) व्यावसाषिक च्याउखेती संचालन गर्ने उधमिलाई उक्त कार्य संबन्धी साधारण तथा आधारभुत ज्ञान भएको हुनु पर्ने छ ।

(२.२) यातायात तथा बिधुतको सुविधा पुगेको स्थान हुनुपर्ने छ ।

(२.३) सम्बन्धित बिषयमा कम्तिमा १ बर्ष देखी काम गरिरहेको हुनु पर्ने छ ।

(२.४) कम्तिमा १० बर्ष काम गर्ने प्रतिबद्दता गर्नुपर्ने छ ।

(२.५) कार्यबिधि बमोजिम लागत साझेदारीमा काम गर्न प्रतिबद्ध ।

(२.६) संचालन हुने कृयाकलापहरु

(क) यो कार्यक्रम अनुदानग्राहिको आवाश्यकता तथा मागमा आधारित हुनेछ ।

(ख) अनुदानग्रहीले च्याउ खेती  लागी चाहिने घर, टहरा, च्याउधुने ट्याङ्की, अन्य च्याउ सिचाई संग सम्बन्धित संरचना निर्माण तथा खरिद  गर्न सक्ने छन ।

(ग) च्याउ जन्य उधोगका लागी चाहिने आवाश्यक सामाग्रीहरु पराल/मुडा काट्ने मेसिन, पराल बफाउने उपकरण तथा भट्टी तथा अन्य औजार उपकरण तथा अन्य उत्पादन संग सम्बन्धित सामाग्री बिउ, प्लाष्टिक, सुतली समेत खरिद गर्न पाउने छन ।

(घ) अनुदान प्राप्त रकम चालु खर्च तलब, भत्ता लगाएत अन्य चालु प्रकृतिका सामाग्री खरिदमा भने खर्च गर्न पाउने छैन ।

(ङ) यो कार्यक्रम बाट अनुदान लिए पस्चात ६*१० मि. क्षेत्रफल भएका कम्तिमा ३ वटा च्याउ घर निर्माण गर्नु पर्नेछ वा यही मान बाट आउने क्षेत्रफलका टहरा हुनुपर्ने

छ वा यही क्षेत्रफलमा अट्ने च्याउ खेती गर्नु पर्नेछ । पुराना संचालनमा रहेका फर्मका हकमा भने कार्यक्रम लिइए पस्चात ३ वटा कम्तिमा ६*१० मि. क्षेत्रफल भएका टहरा वा यही मानका क्षेत्रफल भएका टहरा निर्माण गरेपस्चात मात्र अन्य सामाग्रीहरु खरिद गर्नुपर्ने छ ।

(२.५) अनुदान रकम स्विकृत कार्यक्रममा उल्लेख भए बमोजिम हुनेछ, लागत स्टिमेटको ५०% रकम अनुदानग्रहीको अनिवार्य लागत साझेदारी हुनुपर्ने छ ।अनुदान रकमको १% रकम कृषि ऐन २०७७ बमोजिम कृषि बिपत राहत तथा किसान कल्याण कोषको लागी कट्टा गरिने छ ।

मुल्याङकनका आधारहरु

च्याउ खेती गर्ने स्थानको अध्यन गर्न जादा अनुगमकर्ताले भर्नुपर्ने मुल्याङ्कन फारम

| क्र.स. | मुल्याङ्कनको आधार | अधिकतम मुल्याङ्कन नं |  | प्राप्ताङ्कन | कैफियत |
|---|---|---|---|---|---|
| १ | च्याउ सम्बन्धी आधारभुत ज्ञान | भएको | ३० |  | मुल्याङ्कन गर्दा ५०% भन्दा कम मुल्याङ्कन भएमा |
|  |  | नभएको | १५ |  |  |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | सडक तथा बिधुतको सुविधा पुगेको स्थान/ अन्य भौतिक पुर्वधार | पुगेको | २० | | कार्यक्रममा अनुदान दिन पाईने छैन यस्तो भएमा र कुनै पनी आवेदकको न्युनतम मापदण्ड नपुगेमा पुन बिज्ञापन गर्नुपर्ने छ । |
| | | नपुगेको | १० | | |
| ३ | सम्बन्धित बिषयमा कम्तिमा १ बर्ष देखी काम गरिरहेको | गर्दै आएको | ३० | | |
| | | नगरेको | १५ | | |
| ४ | अनुगमनमा गएका पदाधिकारीको स्वमुल्यङ्कन | | २० | | |
| | जम्मा | | | | |

## परिच्छेद - ५

## फलफूल विकास कार्यक्रम

केरावारी गाँउपालिका विविध किसिमको हावापानी अनेक किसिमको **भूगोल** भएकोले हिउदे तथा बर्षे फलफूल खेतीको

व्यापक संभावना रहेको छ । पहाडी भु-भागमा बढ्दो बसाईसराई साथै रोजगारीका लागि अन्यन्त्र जाने परम्परका जस्ता कारण कृषि कार्यमा मानविय श्रमको उपलब्धता न्युन हुदै गएको छ जसको परिणाम कृषि जन्य भुमी बाँझिने क्रम जारी रहेकाले अन्य बालिको तुलनामा फलफुल खेतीमा श्रम कम लाग्ने भएकाले किसानहरुलाई आकर्षित गर्न तथा फलफूलको माग देश भित्रै उच्च रहेकाले फलफूल विकास कार्यक्रम मार्फत केरावारी क्षेत्रमा व्यावसायीक फलफुल खेती गर्न आवाश्यक सहयोग पुर्याउने र फलफूलका बिरुवामा गाँउपालिकालाई आत्मानिर्भर पुर्याउने साथै रोजगारी श्रृजना गराउने उद्देश्यले यो कार्यक्रम ल्याईएको हो ।

(१) **कार्यक्रमको नाम** :- हिउदे / बर्षे फलफूलको बगैचा स्थापना गर्न विरुवा वितरण तथा फलफूल खेती प्रवर्दन कार्यक्रम

(१.१) संचालन हुने कृयाकलापहरु :- यस कार्यक्रम भित्र देहायका कृयाकलापहरु गरिने छ ।

**(क)** केरावारी गाँउपालिकामा क्षेत्र भित्र संभाब्य रहेका हिउदे फलफूलहरु( किवि फल, ओखर, आरु, नास्पाती, स्याउ लगाएत अन्य पतझड फलफूल) बर्षे फलफुलहरुमा

(अमिलोजातका फलफुल, उष्ण प्रदेशिय सदावहार फलफूल, औधोगिक प्रयोजनका लागी प्रयोग हुने फलफूल तथा अन्य व्यावसायिक महत्व बोकेका फलफूल) हरुको बगैचा स्थापना गर्न मागमा आधारित बिरुवा कार्यालयले सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजीम खरिद गरी निशुल्क दिईने छ वा किसानले बिरुवा खरिद गरी रोपी बिल भरपाई कार्यालयमा पेष भए पस्चात अनुगमन गरी बिरुवा खरीद गरे बापतको रकम अनुदान स्वरुप पनी उपलब्ध गराउन सकिने छ ।

(ख) यो कार्यक्रम मार्फत फलफूल खेतीका लागी आवाश्यक सिचाई, प्लाष्टिक पोखरी, थोपा सिचाई लगाएत अन्य संरचना निर्माणका लागि आवाश्यक सहयोग उपलब्ध गराईने छ । सिचाईका कार्यक्रमहरु सिचाई साझेदारी कार्यीबिधी अनुरुप हुनेछन । फलफूल खेतीका लागी स-साना औजार उपकरण वितरण गर्न सकिने छ यस कार्यमा किसानको ५०% लागत साझेदार हुनुपर्ने छ ।

(ग) फलफूल खेती प्रवर्दनका लागी क्षमता अभिबृद्धी सम्बन्धी तालिम,नमुना प्रदर्शन तथा प्रवर्दानात्मक कार्यक्रम गरिने छ ।

**(१.२) यस कार्यक्रमका लागि आवाश्यक मापदण्डहरु तथा गर्नुपर्ने कृयाकलापहरु**

(क) बिरुवामा गाँउपालिकाको अनुदान भए पस्चात किसानहरुले लामो समयसम्म उत्पादन दिने फलफूलहरुमा १*१*१ मिटरको खाल्डा र छोटो अबधिका तथा कम जरा फैलने फफूलहरु मा ०.५*०.५*०.५ मि. खाडल अनिवार्य खनी सिफारिस अनुसार कम्पोष्ट तथा रसायनिक मल हाली खाल्डा पुर्नु पर्ने छ अनी सो पस्चात १ महिना पछी मात्र बिरुवा रोप्नु पर्ने छ ।

(ख) बिरुवालाई हारहारमा लाईन मिलाई मापदण्ड बमोजिमको दुरी मिलाई रेखाङ्कन गरी बिरुवा रोप्नु पर्ने छ ।

(ग) किसानहरुले बिरुवा खरिद गर्दा केरावारी गाँउपालिकामा सुचिकृत नर्शरीहरु बाट मात्रै खरिद गर्नु पर्ने छ साथै त्यस्ता नर्सरी बाट बिरुवा खरिद गर्दा कृषि शाखाको स्विकृति लिनुपर्ने छ । बिरुवा खरिद केरावारी गाँउपालीकामा प्राप्त कम कोटेसनहरु मध्य कम दररेट राख्ने नर्शरी बाट मात्रै खरीद गर्नु पर्ने छ ।

(घ) अनुदान प्राप्त बिरुवाहरुको संरक्षणको दायित्व किसानहरुको हुनेछ । हेल्चेक्राईका कारण मरेमा वा नष्ट भएमा त्यस्तो

ठहर हुन गएमा किसानले गाँउपालिकालाई बिरुवा खरिद गर्दा लागेको रकम क्षेतिपुर्ती दिनुपर्ने छ ।

(ङ) यो कार्यक्रममा न्यूनतम बिरुवाको माग गर्नुपर्ने संङ्ख्या

| क्र.स. | बिरुवाको नाम | न्युनतम बिरुवा लगाउनु पर्ने तथा माग गर्नुपर्ने संख्या प्रति आवेदक | प्रति रोपनी बिरुवा लाग्ने संख्या |
|---|---|---|---|
| १ | किवि फल, आरु, स्याउ, नासपाती, अम्बा, कागजी बदाम, अनार, सुन्तला, जुनार, कागती | ७५ बोट (किवि ५०) | १५(किवि २०) |
| २ | एभोकाडो,ओखर, लिची, आँप | ४० बोट | ६ |
| ३ | सुपारी, केरा, मेवा, ड्रागन फ्रूट | सुपारी १५०,केरा ४००, मेवा ४००, ड्रागन फ्रूट २०० बोट | ५० |
| ४ | भुईकटहर | ५००० बोट | १००० |

(च) यो कार्यक्रमका लागी ईच्छुक कृषक समुह/सहकारी/फर्म आवेदन फार्म तोकिएको ढाचामा भर्नुपर्ने छ ।

## (२) कार्यक्रमको नाम :- साझेदारीमा फलफूल/फूल/तरकारी नर्सरी फर्म स्थापना तथा सुदृढीकरणका लागि मागमा आधारित कार्यक्रम

(२.१) नर्सरी कार्यक्रम संचालनका आधारभुत पक्ष तथा अनुदान लिनको लागि न्युनतम मापदण्डहरु साथै छनौट

(क) नर्सरी संचालन गर्ने उधमीलाई उक्त कार्य संबन्धी ज्ञान भएको हुनु पर्ने छ ।

(ख) यातायात, बिधूतको, सिचाईको सुविधा पुगेको स्थान हुनुपर्ने छ ।

(ग) सम्बन्धित बिषयमा कम्तिमा ३ बर्ष देखि काम गरिरहेको हुनु पर्ने छ वा नर्सरी बिरुवा उत्पादन सम्बन्धि तालिम लिएको हुनुपर्ने छ ।

(घ) मदर प्लान्टको लागि फलफूल खेती गरिरहेको हुनुपर्ने छ ।

(ङ) बजार सम्पर्क गर्न सक्ने हुनुपर्ने छ ।

(च) कम्तिमा १० बर्ष काम गर्ने प्रतिबद्दता गर्नुपर्ने छ र कार्यीबिधि अनुरुप लागत साझेदारी ब्यहोर्न प्रतिबद्ध हुनुपर्ने छ ।

**(२.२) कार्यक्रम अनुसार गर्नुपर्ने कृयाकलापहरु तथा मापपदण्ड**

(क) यो कार्यक्रम अन्तर्गत अनुदान अनुदानग्राहिको आवाश्यकता तथा मागमा आधारित हुनेछ ।केरावारी गाँउपालिका भित्र रहेका पुराना तथा कृयाशिल नर्सरी धनीले समेत यस कार्यक्रममा भाग लिन सक्ने छुन ।

(ख) अनुदानग्राहीले हिउदे फलफूल/ बर्षे फलफूल लगाएतका बिभिन्न फलफूल, फूल, आलङ्कारीक बृक्ष, जडिबुटी संग सम्बन्धीत बिरुवाहरुको उत्पादन गर्नु पर्ने छ ।

(ग) अनुदानग्रहीले नर्सरी स्थापनाका लागि चाहिने टनेल निर्माण, सिचाईका लागी प्लाष्टिक पोखरी निर्माण लगाएत नर्सरी स्थापनाका अन्य आधारभुन संरचना निर्माण तथा खरिद गर्न सक्ने छुन ।संरचनागत निर्माणमा ८५% लागत साझेदार हुनेछ ।

(घ) नर्सरी संचालनका लागि आवाश्यक पर्ने सामाग्रीहरु ईन्सेक्ट नेट, ग्रिन नेट, प्लाष्टीक, पोली ब्याग, अन्य स-साना हाते औजार तथा उपकरण, मदर प्लान्ट, बिउ बिजन, हर्मोन, औषधी/बिषाधी लगाएतका बस्तुहरु खरिद गर्न सक्ने छ ।बस्तु तथा सामान खरिदमा ५०% लागत साझेदार हुनेछ ।

(ङ) अनुदान प्राप्त रकम चालु खर्च तलब, भत्ता लगाएतमा भने खर्च गर्न पाउने छैन ।

(च) अनुदान लिन चाहने अनुदानग्राहीहरुले तोकिएको ढाँचामा ब्यावसायीक प्रस्तावना साधै आवाश्यक सामाग्रीको माग, परिणाम र अनुमानित बजेट सहीत खुलाई कृषि तथा सहकारी शाखामा निवेदन दिनुपर्ने छ ।

(छ) अनुदानको रकम स्विकृत कार्यक्रममा उल्लेख भए अनुसार हुनेछ । अनुदान रकमको कानुन बमोजीम काटिने कर बाहेक केरावारी गाँउपालिकाको कृषि ऐन २०७७ बमोजिम १% रकम कृषि बिपत राहत तथा किसान कल्याण कोषको लागि कट्टा गरिने छ ।

**(२.३) मुल्याङकनका आधारहरु — उल्लेखीत फारम** नर्सरी गर्ने स्थानको अध्यन गर्न जादा अनुगमकर्ताले भर्नुपर्ने छ सो पश्चात मात्रै छनौट गर्नु पर्ने छ ।

मुल्याङ्कन फारम

| क्र.स. | मुल्याङ्कनको आधार | अधिकतम मुल्याङ्कन नं | | प्राप्ताङ्कन | कैफियत |
|---|---|---|---|---|---|
| १ | नर्शरी सम्बन्धी आधारभुत ज्ञान/ तालिम लिएको | भएको | २० | | मुल्याङ्कन गर्दा ५०% भन्दा कम मुल्याङ्कन भएमा कार्यक्रममा |
| | | नभएको | १० | | |
| २ | | पुगेको | २० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | यातायात तथा बिधुत/सिचमई को सुविधा पुगेको स्थान/ अन्य भौतिक पुर्वधार हुनुपर्ने छ | नपुगेको | १० | | अनुदान दिन पाईने छैन यस्तो भएमा र कुनै पनी आवेदकको न्युनतम मापदण्ड नपुगेमा पुन बिज्ञापन गर्नुपर्ने छ । |
| | सम्बन्धित बिषयमा काम | भएको | २० | | |
| | | नभएको | १० | | |
| ४ | मदर प्लान्टका लागि फलफुल खेती गरिरहेको | गरेको | २० | | |
| | | नगरेको | १० | | |
| ४ | अन्य अनुगमनमा गएका पदाधिकारीको स्वमुल्यङ्कन | | २० | | |
| | जम्मा | | | | |

(२.४) प्राप्त आवेनहरु को फिल्ड सुपरिवेक्षण गरी कार्यक्रममा छनौट भए पस्चात अनुदानग्राहीले माग गरेका बस्तु तथा

सेवाहरुको स्थानिय दर रेट अनुसार ईष्टिमेट गरी संझौता गर्नुपर्ने छ ।

## परिच्छेद - ६
## नगदे बाली प्रवर्दन कार्यक्रम

केरावारी गाँउपालिकामा नगदे बाली बिशेष चिया, कफी, अलैची, अकवरे खोर्सानी, अदुवा, बेसार, लसुन, प्याज जस्ता नगदे बालीहरुको खेती ब्यापक रुपमा भईरहेको र यी खेतीको माध्याम बाट जनस्तरको आर्थिक स्तर उकास्न महत्वपुर्ण भूमिकाखेलेको हुनाले यी बालीहरुको प्रति ईकाई उत्पादनलाई थप बृद्धी गर्न किसानहरुको क्षमता अभिबृद्धी, नगदे बाली संग सम्बन्धीत उत्पादनका सामाग्रीहरु( बिउ, बिरुवा, मल), बाली संरक्षण संग सम्बन्धीत सामाग्रीहरु  तथा अन्य भण्डारण, प्रशोधन तथा बजारीकरण संग सम्बन्धीत सामाग्रीहरु किसानहरुको मागमा आधारित रहेर संचालन गर्ने उद्देश्यले यो कार्यक्रम संचालनमा ल्याईएको हो ।

**(१)  गरिने कृयाकलापहरु :- यस कार्यक्रम भित्र देहायका कृयाकलापहरु गरिने छ ।**

**(क)** केरावारी गाँउपालिकामा क्षेत्र भित्र संभाब्य रहेका नगदे बाली (चिया, कफि, अलैची, अकवरे खोर्सानी, अदुवा, बेसार, लसुन, आलु) जस्ता बालीहरुको क्षेत्र बिस्तार गर्न किसानहरुको मागमा आधारित रहेर बगैचा स्थापना गर्न तथा खेती बिस्तार गर्न बिरुवा निशुल्क उपलब्ध गराईने छ यस कार्यक्रममा सहभागी हुने किसानले बिरुवा रोपण गर्न प्राविधिक मापदण्ड अनिवार्य पुरा गर्नु पर्ने छ । नगदेबालीको बिउ तथा यस खेतीका लागि चाहिने यन्त्र उपकरण साथै अन्य उत्पादन संग सम्बन्धीत सामाग्रीहरुमा भने ५०% अनुदान दिईने छ ।

(ख) यो कार्यक्रम मार्फत नगदे बाली खेतीका लागि आवाश्यक सिचाई, प्लाष्टिक पोखरी, थोपा सिचाई लगाएत अन्य संरचना निर्माणका लागी आवाश्यक सहयोग उपलब्ध गराईने छ । सिचाईका कार्यक्रमहरु सिचाई साझेदारी कार्यबिधी अनुरुप हुनेछन । नगदे बाली खेतीका लागि स-साना औजार उपकरण वितरण गर्न सकिने छ यस कार्यमा किसानको ५०% लागत साझेदार हुनुपर्ने छ ।

(ग) यो कार्यक्रम बाट नगदे बाली खेती प्रवर्दनका लागी क्षमता अभिबृद्धी सम्बन्धी तालिम, बिशेषज्ञ सेवा, नमुना प्रदर्शन

तथा प्रवर्दानात्मक कार्यक्रम गरिने छ यस्तो कार्यमा गाँउपालिकाको पुर्ण अनुदान हुनेछ ।

**(१.२) यस कार्यक्रमका लागि आवाश्यक मापदण्डहरु तथा गर्नुपर्ने कृयाकलापहरु**

(क) यो कार्यक्रममा संलग्न हुने किसानहरुले चिया/कफी/अलैची कम्तिमा ८ रोपनी जमिनमा खेती गर्नुपर्ने छ भने अन्य बाली कम्तिमा ५ रोपनी क्षेत्रफलमा लगाउनु पर्ने छ ।

(ख) बगैचाको रेखाङ्कन गरी प्राबिधिक मापदण्ड बमोजीम खाडल खनी हारहारमा आवाश्यक दुरी कायम गरी रोप्नु पर्ने छ ।

(ग) बिरुवा खरिद केरावारी गाँउपालिकामा सुचिकृत नर्सरीहरु बाट मात्रै खरिद गर्नु पर्ने छ साथै त्यस्ता नर्सरी बाट बिरुवा खरिद गर्दा कृषि शाखाको स्विकृति लिनुपर्ने छ ।

(घ) अनुदान प्राप्त बिरुवाहरुको संरक्षण किसानको हुनेछ । हेल्चेक्राईका कारण मरेमा वा नष्ट भएमा त्यस्तो ठहर हुन गएमा किसानले गाँउपालिकालाई बिरुवा खरिद गर्दा लागेको रकम क्षेतिपुर्ती दिनुपर्ने छ ।

## परिच्छेद - ७

## कृषि यान्त्रिकरण कार्यक्रम

मानविय श्रममा आधारित रहेका कारण कृषिजन्य बस्तुहरुको उत्पादन लागत बृद्धी भई बजारमा प्रतिस्पर्धा गर्न नसकेको, कृषि कार्यमा श्रमिकको बारम्बार अभाव भईराखेकाले खेतीयोग्य जमिन बाँझिन गएको तितो यथार्थलाई मध्यनजर गर्दै किसानहरुलाई अनुदानमा आधुनिक कृषि औजार उपकरण तथा कृषि सामाग्रीहरु उपलब्ध गराउने उद्देश्यले केरावारी गाँउपालिकाले यो कार्यक्रम ल्याएको हो ।

**(१) मागमा आधारीत ५०% लागत साझेदारीमा ठुला खालका कृषि औजार उपकरण तथा कृषि सामाग्री वितरण कार्यक्रम**

(क) यस कार्यक्रम अन्तर्गत किसानहरुले आवेदन फारम भर्दा ठुला खालका कृषि औजार उपकरण पावरटेलर, मिनिटेर, रिपर, गोडमेल गर्ने उपकरण, थ्रेसर जस्ता उपकरणहरु माग गर्न सक्ने छ्न ।

(ख) यस्ता उपकरणमा ५०% किसानको वा अनुदानग्राहीको प्रत्यक्ष लागत साझेदारी हुनुपर्ने छ ।

(ग) यो कार्यक्रममा छनौट भएका किसानहरुसंग वा अनुदानग्राहीसंग निर्धारित स्पेसिफिकेसन बमोजिम सामाग्री खरिद गर्ने संझौता गरिने छ ।

(घ) अनुदानग्राहीले यस केरावारी गाँउपालिकामा सूचिकृत फर्महरु बाट निर्धारित स्पेसिफिकेसन बमोजिमको सामान खरिद गर्नुपर्ने छ ।

(ङ) अनुदानग्राहीले सामान खरिद गरी केरावारी गाँउपालिका बाट अनुगमन वा हस्तान्तरण भए पस्चात गाँउपालिकामा बिल भरपाई प्राप्त भए पछी संबन्धित सेवाग्राहीको नाममा बैङ्क मार्फत भुक्तानी दिईने छ । नियम सङ्गत सामान खरिद नगरेमा वा संझौता बमोजिमको सामाग्री खरिद नगरेमा कार्यालय भुक्तानी दिन बाध्य हुने छैन ।

(च) माथि खरिद प्रकृया जे उल्लेख भए पनि छनौट भएका किसानहरु वा अनुदानग्राही बाट ५०% रकम कार्यालयमा जम्मा गरी सार्वजनीक खरिद ऐन तथा नियमावली

बमोजिम सामान खरिद गरी आवाश्यक प्रकृया पुर्याई अनुदानग्रहीलाई सामाग्री हस्तान्तरण गर्न कार्यालयलाई बाधा पर्ने छैन ।

(छ) गाँउपालिकाबाट अनुगमन हुदा कृषि यान्त्रिकरण कार्यक्रम अनुसार अनुदान प्राप्त सामाग्रीहरु तोकिएको काम भन्दा गैह्र प्रयोजन साथै बिसंहार पारेको वा संरक्षण नगरेको पाईएमा त्यस्तो सामान कार्यालयले जफत गर्न सक्ने छ । अनुदानमा प्राप्त सामाग्रीहरु कृषि प्रयोगका लागि सहुलियत भाडा वा आपसी समझदारीमा अरु किसानहरुलाई पनी दिनुपर्ने छ ।

(२) मागमा आधारित ५०% लागत साझेदारीमा स-साना कृषि औजार उपकरण तथा कृषि उत्पादन सामाग्री वितरण

(क) यस कार्यक्रम अन्तर्गत किसानहरुले आवेदन फारम भर्दा स-साना खालका रु. ५००००।— भन्दा कम मुल्य पर्ने स-साना कृषि औजार, उपकरण, मल्चिङ प्लाष्टिक, टनेल प्लाष्टिकहरु तथा अन्य उत्पादन तथा

प्रशोधन संग सम्बन्धीत सामाग्रीहरु माग गर्न सक्ने छन ।

(ख) यस्ता उपकरणमा ५०% किसानको वा अनुदानग्राहीको प्रत्यक्ष लागत साझेदारी हुनुपर्ने छ । टनेल निर्माण गर्ने प्लाष्टीक हकमा सुचना बमोजिम किसानले आवाश्य टनेल माग गरि छनौट भए पस्चात कृषि तथा सहकारी शाखाको प्राविधिक ईष्टीमेट अनुसार किसानले टनेल घर निर्माण गरी सकेपछी टनेल प्लाष्टीकमा शत प्रतिशत अनुदानमा कार्यालयले उपलब्ध गराउने छ ।

(ग) प्लाष्टीक टनेल वितरण कार्यक्रम बाहेक अन्य कार्यक्रममा छनौट भएका किसानहरु संझौता गरी खरिदका लागी कार्यदिश दिने वा ५०% अनुदानग्राहीबाट कार्यालयमा रकम जम्मा गरी सार्वजनीक खरिद ऐन तथा नियमावली बमोजिम सामान खरिद गरी आवाश्यक प्रकृया पुर्याई अनुदानग्रही लाई सामाग्री हस्तान्तरण गर्नु पर्नेछ ।

(घ) यो कार्यक्रममा असङ्गठित रहेका कृषकहरु ले पनि प्रत्यक्ष आवेदन दिन पाउने छन ।

## परिच्छेद - ८

## योजना कृषि तथ्याङ्क तथा प्रसार कार्यक्रम

१. **क्रप कटिङ :-** कृषिजन्य बस्तुको बार्षिक उत्पादन सम्बन्धी तथ्याङ्क अध्यावधिक गर्न तथा गाँउपालिका भित्रको कृषि सम्बन्धी बालीको उत्पादन बारे जानकारी लिन बिभिन्न बाली बस्तुको बाली कटानी गरी तथ्याङ्क अध्यावधिक गर्ने यो कार्यक्रमको उद्देश्य हुनेछ ।

(क) प्रति बाली कटानी खर्च स्थानीय जिल्ला दररेट अनुसार १ दिनको अदक्ष ज्यामी ज्याला बराबरको रकम खर्च गर्न सकिनेछ । उपयुक्त सबैकार्यक्रमहरु विनियोजित बजेट र स्वीकृत कार्यक्रमको परिधि भित्र रही सञ्चालन गर्नु पर्ने छ

| क्र.स. | विवरण | ईकाइ | खर्च रकम |
|---|---|---|---|
| १ | क्षतिपूर्ती बापत कृषकलाई बुझाउनुपर्ने रकम | १० वर्ग मिटर/प्रति बाली | २०० |
| २ | प्राविधिकलाई भत्ता (क्रप कटिङ्ग, थ्रेसीङ्ग, | १० वर्ग मिटर/प्रति बाली | २०० |

| | | | |
|---|---|---|---|
| | सुकाउने, तौलने आदी बापत) | | |
| ३ | प्रोफाईल तयारी तथा प्रकासन | ५० | १०००० |

(ख) क्रप कटिङ गरिसके पस्चात सम्बन्धित बालीको औषत उत्पादन सहितको गाँउपालिकाको बार्षिक कृषि तथ्याङ्क सहितको प्रतिवेदन बनाउनुपर्ने छ ।

**२. कृषि बिज्ञ,कृषि अनुसन्धानकर्ता, कृषि प्रसार कार्यकर्ता,किसान र सरोकारवाला बीच अन्तरकृया गोष्ठी :-**

(क) कार्यक्रमको उद्देश्य :- केरावारी गाँउपालिका भित्र कृषिलाई व्यवसायिकरण गर्न अनुसन्धान बाट प्राप्त उपलब्धीहरु तथा प्रविधिहरु किसान सम्म पुर्याउने साथै किसानका बास्तविक समस्याहरु अनुसन्धानकर्ता सम्म पुर्याउने उद्देश्यले यो कार्यक्रम संचालन गरिएको हो ।

(ख) सहभागीहरु :- किसानहरु तथा कृषि उद्यमीहरु, कृषि अनुसन्धान परिषदका बैज्ञानिकहरु, कृषि प्राविधिकहरु, कृषि ज्ञान केन्द्र तथा कृषि विकास निर्देशनालय

(ग)कार्यक्रम अवधी :- १ वा २ दिन

(घ)कार्यक्रममा हुनुपर्ने छलफल :- कृषि अनुसन्धान बाट प्राप्त उपलब्धीहरु, कृषि प्रसार कार्यका अनुभव तथा कृषकको फिल्डमा देखिएका समस्याहरु, किसानका समस्याहरु र प्रदेशका कृषि विकासको अवस्था तथा अनुभवहरु ।

(ङ)खर्च मापदण्ड : केरावारी गाँउपालिका बाट स्वीकृत खर्च नर्म्स वा अर्थमन्त्रालय बाट पारित गोष्ठी संग सम्बन्धीत नर्मस अनुसार खर्च गर्नु पर्ने छ ।

## ३. बिद्यालयहरु संग कृषि प्रसार कार्यक्रम

(क) कार्यक्रमको उद्देश्य :- नेपालमा कृषि क्षेत्रको व्यावसायिकरण गर्न चुनौति भएको छ । यस क्षेत्रमा काम गर्ने मानिसहरुको मनोबृति परिवर्तन गरी आधुनिक तवरले खेती पद्धती गर्न लगाउनु जटिल बन्दै गएको छ ।सिमित श्रोत साधन तथा जनशक्तीका कारण कृषि प्रसारका कार्यक्रमहरु किसान स्तर सम्म पुर्याउन सकिएको छैन । किसान स्तरमा पनि आधुनिक कृषिका बारेमा बुझ्न कठिन भएको देखिन्छ । त्यसैले बिधालयमा अध्यनरत छात्र छात्राहरुलाई आधुनिक कृषिको अवस्था बारे बुझाई उनिहरु मार्फत अभिभावकहरुको धारणा

परिवर्तन गराउने उद्देश्यले यो कार्यक्रम संचालन गर्न लागिएको हो ।

(ख) सहभागीहरु :- यस कार्यक्रममा केरावारी गाँउपालिका भित्र रहेका माध्यामिक तह वा सो भन्दा माथिका कक्षाहरुका बिधार्थीहरु ।

(ग)कार्यक्रम अवधी :- १ दिन

(घ)कार्यक्रममा हुनुपर्ने छलफल तथा कृयाकलाप :- नेपालमा कृषिको बर्तमान अवस्था, कृषिको विकासका चुनौती तथा अवसर, आधुनिक कृषि प्रणालीको प्रयोग बिषयक तथा कृषि प्रति सकारात्मक धारणा वा आत्मा उत्प्रेरणा गर्ने खालका विषयमा तालिम तथा प्रवचन कक्षा संचालन गर्नुपर्ने,आधुनिक कृषि प्रति सकारात्मक धारणा अभिबृद्धी गर्ने खालका प्रचारात्मक सामाग्रीहरु बिधालयमा राख्ने साथै प्रचारात्मक सामाग्रीहरु बाँड्ने आदी कृयाकलाप गर्नुपर्ने छ ।

(ङ)खर्च मापदण्ड :

| क्र.स | विवरण | दर | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ४ | प्रवचन २ वटा कक्षा संचालन पारिश्रमिक | १५०० | ३००० | |
| ५ | सहभागी खाजा खर्च | ४० | ३००० | |
| ६ | व्यावसायिक कृषि सम्बन्धी जनचेतना फ्लेक्स बोर्ड ३ | | ३००० | |
| १० | विविध खर्च(ब्यानर ईन्धन, मसलन्द तथा अन्य) | लमसम १००० | | |

## ४. कृषक दिवश साथै उत्कृष्ठ कृषक तथा कृषि उधमी पुरस्कृत कार्यक्रम

किसान पेशा मानवको जिवन मरण संग जोडिएको तर यही पेशा संग सम्लग्न रही आजीवन काम गरिरहेका मानिसहरु समाजमा तिरस्कृत रुपमा बाच्नुपर्ने तथा

सुविधाबिहिन भएर जिवन गुजारा गर्नुपर्ने तितो यथार्थ छ । त्यसैले कृषि पेशालाई मर्यादित पेशाको रुपमा चिनाउन तथा यस पेशामा लाग्न हौसला प्रदान गर्न कृषि सम्बन्धी कुनै दिवश वा अन्य कुनै अवसर पारेर बर्षमा १ दिन कृषक दिवस मनाईनेछ र सो दिवसको अवसरमा विविध कृषि सम्बन्धी कार्ययक्रम गर्नुका साथै केरावारी गाँउपालिका भित्र लामो समयदेखी कृषि पेशा गरिरहेका सफल किसानहरुलाई सम्मान गर्ने उद्देश्यले यो कार्यक्रम संचालनमा ल्याईएको हो ।

(क) कार्यक्रमको मोडेल :- कृषि समितिले निर्धारण गरे बमोजिम हुने छ ।

(ख) उत्कृष्ठ कृषक तथा कृषि उधमीका मापदण्डहरु :-

- कम्तिमा ५ बर्ष देखी कृषि पेशा गर्दै आएको ।
- कृषि उत्पादनका माध्यम बाट जिवनमा सफलता हासिल गरेको ।
- कृषिकार्य बाट रोजगारी श्रृजना गरेको ।
- कृषिका आधुनिक प्रविधिहरु तथा विविधता अवलम्बन्न गरेको ।

- समाजमा कृषिको विकास तथा प्रसार गर्न अमूल्य योगदान पुर्याएको ।
- नैतिक पतन नभएको ।

(ग)खर्च सम्बन्धी मापदण्ड : प्रचलित कानुन बमोजिम हुनेछ ।

**५. ग्राभिटि थोपा सिचाई प्रविधि प्रदर्शन**

सिचाई बेगारको कृषि परिकल्पना गर्न पनि सकिदैन त्यसैले सिचाईको श्रोत पर्याप्त नभएका  हाम्रो जस्तो गाँउपालिकामा कृषि विकास चुनौती बन्दै गएको छ । बिश्व तापमानमा आएको परिवर्तन संगै भएका पानीका मुहान सुकिरहेको छ भने बढ्दो जनसङ्ख्याका कारण पानिको उपभोगमा पनि चाप पर्दै गईरहेको छ जस कारण कृषि कार्यमा सिचाईको अभावा दिनानुदिन बढिरहेको छ । पानीका श्रोत भईरहेका ठाँउहरुमा पनि अत्याधिक पानीको प्रयोगको कारण बालीको पानी ग्रहण गर्ने शक्ती भन्दा बढि भएकाले बाली उत्पादनमा नकारात्मक असर पारिरहेको छ । त्यसैले लामो समय अगाडि देखि बिदेश तथा देशकै बिभिन्न भू-भागमा सफलरुपमा प्रयोग भएको पानीको अधिकतम सदुपयोग हुने र कम पानीको खर्च हुने प्रबिधिको रुपमा परिचित

थोपा सिचाईको प्रबिधि किसानहरु माझ परिचित गराउने तथा आवाश्यक प्राविधिक ज्ञान उपलब्ध गराउने उद्देश्यले यो ग्राभिटी थोपा सिचाई प्रबिधिको प्रविधि प्रदर्शन कार्यक्रम ल्याईएको हो ।

(क) यस कार्यक्रम भित्र गर्नुपर्ने कृयाकलाप साथै प्राविधिक मापदण्ड

- यो कार्यक्रम सबैले देख्न सक्ने ठाँउमा गर्नुपर्ने छ ।
- यो कार्यक्रम तरकारी बालीको लागि छनौट गर्नुपर्ने छ ।
- ६*१२ मी. क्षेत्रफल भएको प्लाष्टिक टनेलको निर्माण गर्नु पर्ने छ ।टनेल प्लाष्टिक बाहेक टनेल निर्माण खर्च संबन्धित किसानको हुनेछ
- १०० लि. क्षमताको ६*१२ बर्ग मि. को प्लाष्टीक टनेल भित्र हुने गरी ३ लाईनको ग्राभिटी थोपा सिचाई जडान गर्नु पर्ने छ ।ग्राभिटी थोपा सिचाई गाँउपालिकाले उपलब्ध गराउनु पर्ने छ ।
- उक्त सिचाई प्रदर्शनी स्थल नजिकैका किसानहरु लाई बोलाई १ दिने थोपा सिचाई तथा

नविनतम सिचाई प्रविधि सम्बन्धी कम्तिमा २ वटा कक्षा लिने गरी तालिम दिने व्यावस्था गर्नुपर्ने छ ।

- उक्त प्रदर्शनी भित्र लगाउने बिउ, मल तथा अन्य सामाग्रीहरु तथा श्रम किसानले व्यावस्था गर्नुपर्ने छ ।
- प्रदर्शनी स्थल नजिकै देखिने गरी थोपा सिचाई सम्बन्धी जनचेतना होर्डिङ बोर्ड राख्नु पर्ने छ ।

(ख) खर्च मापदण्ड

| क्र.स | विवरण | दर | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|
| १ | १०० लि. थोपा सिचाई सेट खरिद ६*१२ को ३ लाईन | स्थानिय बजार दर रेट अनुसार | | |
| २ | टनेल प्लाष्टिक खरिद ६*१२ | स्थानिय बजार दर रेट अनुसार | | |
| ३ | थोपा सिचाई सम्बन्धी तालिम/प्रवचन | १५०० | ३००० | |

| | | | | |
|---|---|---|---|---|
| | २ वटा कक्षा संचालन पारिश्रमिक | | | |
| ४ | होर्डिङ बोर्ड - १ | स्थानिय बजार दर रेट अनुसार | | |
| ५ | बिविध खर्च(स्टेसनरी, ईन्धन, मसलन्द, खाजा) | ५००० | | |

## परिच्छेद - ९
## बालि बिकास कार्यक्रम

केरावारी गाँउपालिकामा  खाध्य सुरक्षाका दृष्टीकोण बाट अत्यन्तै कमजोर देखिन्छ । खाध्यान्न बालिमा बिशेषत यस पालिकामा मकै धान खेती हुने गरेको छ । परम्परागत तरिका बाट खेती गरिने यि बालीहरुको प्रवर्द्धन गरी व्यावसायिक उत्पादन मार्फत गाँउपालिकामा खाध्य सुरक्षा पुर्याउदै निर्यात योग्य बालिका रुपमा रुपान्तरण गर्ने उद्देश्यले यो कार्यक्रम संचालनमा ल्याईएको हो ।यस कार्यक्रम मार्फत बिभिन्न

किसिमका खाध्यान्न बालीको खेती प्रवर्द्धन गर्ने खालका बाली नालीहरुको बिउ अनुदानमा वितरण गरिने छ साथै बिभिन्न खाध्यान्न संग सम्बन्धित बाली नालीको उत्पादन प्रदर्शत साथै नतिजा प्रदर्शन गरिनेछ ।

**(१) बिभिन्न खाध्यन्न बालीको बिउ ५०% अनुदानमा वितरण**

(क) यो कार्यक्रम अन्तर्गत बिभिन्न किसिमका खाध्यान्न बालिहरु धान, मकै, गहु साथै स्थानिय स्तरमा रैथाने रहेका तथा पौष्टीक महत्व बोकेका बालीहरुका बिउहरु कार्यक्रम बमोजिम ५०% अनुदानमा उपलब्ध गराईने छ ।

(ख) अनुदानमा बिउ उपलब्ध गराउदा किसानहरुको माग सुचना प्रकासित गरी सङ्कलन गरिने छ ।

(ख) यो कार्यक्रममा किसानहरुले सहकारीहरु, कृषक समुह, ब्याक्तिगत फर्म साथै तोकिएको कागजात भरी प्रत्यक्ष किसानले पनी भाग लिन सक्नेछन ।

(ग) किसानहरुको माग सङ्कलन गरी सार्वजनीक खरिद ऐन तथा नियमावली बमोजिम कार्यक्रम

अनुसार आवाश्यक सामान खरिद गरी किसानहरुलाई हस्तान्तरण गर्नु पर्नेछ

**(२) चैते धान बालीमा ड्रम सिडर मार्फत बिउ रोप्ने प्रविधि प्रदर्शन**

नेपालमा कुल क्षेत्रफल मध्ये सबैभन्दा बढी धान खेती गरिदै आएको साथै धान बाली समेत दुई सिजनमा खेती भईरहेको तर पनि एकातर्फ राज्यले ठूलो परिणाममा धान तथा चामल अन्यन्त्र बाट खरिद गरी ल्याउनु परेको छ भने अर्कोतर्फ हाल बिधमान अवस्थामा धान खेती गर्ने किसानहरु उत्पादन लागत बढी पर्न गएको तथा श्रमिकको अभाव भएका कारण निरास भएका छुन, बाध्यताले मात्रै धान खेती गरिरहेको कतिपय किसानहरुको गुनासो छ ।यो समस्या केरावारी गाँउपालिकामा पनि उस्तै छ। बिशेष गरी  चैते धान खेती हुने क्षेत्रहरुमा किसानहरुले लागत बढी भईरहेको गुनासो आउछ।यो समस्या लाई केहीहद कम गर्न उत्पादन लागत घटाउने चैते धानबालीमा हाल छिमेकी देशमा सफलता पाईसकेको र देशकै बिभिन्न स्थानहरुमा पनी अनुसरण गरी सफलता पाईसकेको धान बालीमा ड्रम सिडर मार्फत बिउ रोप्ने प्रविधी अपनाई रोप्ने तथा गोड्ने खर्च कम गर्न साथै

हारहारमा खेती गर्ने बानीको विकासको लागी सवैले प्रविधि अनुसरण गरुन भन्ने हेतुले यो कार्यक्रम ल्याईएको हो।

(ग) यस कार्यक्रम भित्र गर्नुपर्ने कृयाकलाप साथै प्राविधिक मापदण्ड

- यो कार्यक्रम सबैले देख्न सक्ने ठाँउमा गर्नुपर्ने छ ।
- कम्तिमा ५ कठा क्षेत्रफलमा यो प्रदर्सन गर्नुपर्ने छ ।
- ५ कठा क्षेत्रफलको लागी पर्ने मल, बिउ तथा झार मार्ने बिषाधी तथा प्रविधिमा गाँउपालिकाको शत प्रतिशत अनुदान हुने छ ।
- उक्त प्रदर्शनी स्थल नजिकैका किसानहरु लाई बोलाई १ दिने धान खेतीको नविनतम प्रविधि र व्यावस्थापन सम्बन्धी तालिम दिने व्यावस्था गर्नुपर्ने छ ।
- उक्त प्रदर्शनी भित्र जोतखन गोडमेल गर्ने तथा अन्य व्यावस्थापनको किसानले व्यावस्था गर्नुपर्ने छ ।

- प्रदर्शनी स्थल नजिकै देखिने गरी प्रविधि सम्बन्धी जनचेतनामुलक होर्डिङ बोर्ड राख्नु पर्ने छ ।

(घ) खर्च मापदण्ड

| क्र.स | विवरण | दर | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ड्रम सिडर — १ | स्थानिय बजार दर रेट अनुसार | | |
| २ | गोडमेल गर्ने हाते मेसीन -१ | स्थानिय बजार दर रेट अनुसार | | |
| ३ | बिउ, मल, झार मार्ने बिषाधी तथा अन्य बिषाधी एकमुष्ठ | एकमुष्ठ ६००० | | |
| ४ | १ दिने तालिम/प्रवचन ४ वटा कक्षा संचालन पारिश्रमिक | २००० | ८००० | |

| | | | | |
|---|---|---|---|---|
| ५ | सहभागी स्टेसनरी २५ जना | ५० | १२५० | |
| ६ | सहभागीलाई १ दिने तालिममा खाजा खर्च २५ जना सहभागी | ३७५० | ३७५० | |
| ७ | प्रविधि सहितको होर्डिङ बोर्ड - १ ३*५ साईजको | स्थानिय बजार दर रेट अनुसार | | |
| ८ | प्राविधिक परामर्श(जमिन तयारी, बिउ रोपण, गोडमेल, बाली निरक्षण, बालीकटानी) ५ पटक | ६००० | ६००० | |

| | | | | |
|---|---|---|---|---|
| ९ | कार्यक्रम अनुगमन ३ पटक | १५०० | ४५०० | |
| १० | विविध खर्च(ईन्धन, भ्रमण, मसलन्द तथा अन्य) | लमसम ५००० | | |

## परिच्छेद - १०
## कृषक समुह दर्ता सम्बन्धमा

**१.** कृषक कृषक समूह गठन :- कृषक समूह दर्ता नविकरण तथा जरिवाना सम्बन्धि खर्चको नर्मस् समूह गठन तथा व्यवस्थापन निर्देशिका, २०७५ बमोजिम हुनेछ ।

१.१ कृषक समूह गठन÷पुनर्गठनका लागि निवेदन पेशः रु २० ।-

१.२ नयाँ कृषक समुह गठन राजश्व दस्तुरः रु. १०० ।-

१.३ कृषक समुह नविकरण राजश्व दस्तुरः रु. ५० ।-

१.४ जरिवाना शुल्क म्याद सकिएको ३६ औ दिन देखि १ बर्ष सम्म रु. १०० र १ बर्षपछी प्रति बर्ष रु. १०० को दरले शुल्क थप हुदै जानेछ ।

अनुसुची- १

कार्यक्रममा भाग लिन दिनुपर्ने निवेदन ढाचा

मिति.................

श्रीमान कार्यालय प्रमुख ज्यू
केरावारी गाँउपालिका मार्फत
कृषि तथा सहकारी शाखा केरावारी मोरङ ।

विषय :- प्रस्ताव पेश गरिएको बारे ।

महोदय,

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति..............................गते प्रकाशित सूचना बमोजिम ..............................................................कार्यक्रममा सहभागी हुने योग्यता पुगेकोले कार्यक्रमको मापदण्ड भित्र रही कार्यालयले उल्लेख गरेको शर्तहरुको अधिनमा रही कार्यक्रम संचालन गर्न निम्न बमोजिमको कागजातहरु यसै पत्र साथ संलग्न गरी यो प्रस्ताव पेशग गरका छौं/छु । मैले /हामीले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित नगर भित्रै रही कार्य गर्नेछु । पूनश्चः तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

स्वघोषणः यसै प्रकृतिका कार्यका लागि मैले/हामीले यस कार्यालय बाहेक अन्य संघ संस्थाबाट अनुदान लिएको छैन भनी स्वघोषण गर्दछु/गर्दछौ । झुठा ठहरेमा प्रचलित ऐन कानून बमोजिम सहनेछु/छौ ।

निवेदकको नाम :

दस्तखतः

मिति :-

सम्पर्क नं.

आवाश्यक कागजातहरु

१. अनुसूची १ अनुसारको आवेदन फाराम,

२. अनुसूची २ को किसानको विवरण र अनुसुची ३ अनुसारको संक्षिप्त कार्य योजना,

३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि,

४. फर्म तथा संस्था दर्ता/स्थायी लेखा नम्बर वा मुल्य अभिबृद्धी कर प्रमाण पत्रको प्रतिलिपि,

५. सहकारी गत आर्थिक बर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि वा लेखा परिक्षणको प्रतिलिपि

६. अन्य प्रमाणित प्रमाण पत्रहरु भए (तालिम, शैक्षिक योग्यता आदी) को प्रतिलिपिहरु ।

७. वडा कार्यालयको सिफारिस पत्र

११. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा

१२. कार्यक्रम संचालनको लागि जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा दिई कार्यक्रम संचालन गर्नको लागि कम्तिमा............. बर्षको करार गरिएको सम्झौता पत्रको प्रतिलिपि

पुनस्च : कृषक समुह/ सहकारीहरुले आवेदन पेष गर्दा कुन कार्यक्रम कुन शदश्यका लागी हो अनिवार्य संबन्धीत किसानको अनुसुची २ र ३ भर्नु पर्ने छ र संबन्धीत किसानको नागरिकता सहित एकमुष्ठ निवेदन अनुसुची १ अनुसार भरी पेष गर्नु पर्ने छ ।

# अनुसूची - २
## किसानको संक्षिप्त विवरण

(१) निवेदकको नाम :- (१.१) ठेगाना :- (१.३) मोवाईल नं :-

(२) आफुसंग भएको जमीनको क्षेत्रफल :- (२.१) खेती गरिएको जमीन :- (२.२) नगरिएको जमीनः-

(३) खेती गरिएका मुख्य बाली र क्षेत्रफल :-

(३.१) खाध्यान्न बाली- (क) धान :- (ख) मकै :- (ग) गहु :- (घ) कोदो :- (ङ) अन्य :- (३.२) खेती लगाएको फलफुल बाली र क्षेत्रफल (क) (ख) (ग)

(३.३) खेती लगाएको तरकारी बाली र क्षेत्रफल (क) (ख) (ग)

(३.४) खेती लगाएको नगदेबाली (चिया, कफि, अदुवा, अलैची) (क) (ख) (ग)

(३.५) मौरी/च्याउ/ अन्य (क) मौरी :-...... घार (ख) च्याउ :- ...... बल्ब (ग) अन्य :-

(३.५) अन्य कुनै कृषि कार्य गरेको भए खुलाउने :-

(४) पशुपालन सङ्ख्या (क) गाईः- (ख) भैसीः- (ग) बाख्रा :- (घ) कुखुरा :- (ङ) अन्य :-

(५) परिवार संख्या (क) महिलाः- (ख) पुरुष :-कृषि कार्य गर्ने सङ्ख्या :- ...... महिला, ...... पुरुष

(६) सिचाईको सुविधा छ/छैन :-

(७) कृषि कार्यको खर्च आम्दानीको तथ्याङ्क राख्ने गरेको छ/छैन :-

(८) उत्पादीत कृषि उपजहरु आफै मात्र उपयोग गर्नु हुन् की बेच्नू पनि हुन्छ :-

(९) घरमा बैदेशिक रोजगारीमा गएको भए सो को सङ्ख्या :-

(१०) घरमा आम्दानीको मूख्य श्रोत :-

(११) कृषि कार्य ( )मानविय साथै पशु श्रम बाट मात्र( ) आधुनिक उपकरणको प्रयोग बाट( ) दुवै (१२) कृषिको विकास

## अनुसूची - ३

## अनुदान कार्यक्रमको अवधारणाको संक्षिप्त व्यावसायिक कार्य योजनाको ढाँचा

कार्यक्रमको नामः- ..........................................................

कृषिफर्म/कम्पनी/समूह/सहकारी/ संस्थाको नाम :- ..........................................................

व्यवसायक संचालक/अध्यक्ष/प्रतिनिधिको नाम, थरः ..........................................................

सदस्य संख्याः महिला...............पुरुष.................जम्मा...........................

ठेगाना :- स्थानीय तहः ..................................गाउँ/टोल :- ........................... वडा नं. :- .......

क) संचालन गर्न खोजेको खेती व्यवसायको नाम र स्थान :-

ख) व्यवसायको कार्य उदेश्यहरु :-

१. २.

३.

ग) व्यावसाय संचालन गर्न कूल लगानी :-

च) खेती /व्यवसायवाट उत्पादन हुने वस्तुहरु :-

छ) उत्पादित कृषि बस्तुको परिमाण :-

ज) बजार योग्य परिमाण :-

(झ) खेती/व्यवसाय गर्ने जग्गाको क्षेत्रफल..............कठ्ठा लाभान्वित घरधुरी संख्या.................

(ञ) प्रत्यक्ष रोजगारी संख्या...........

कृषि तथा सहकारी शाखामा माग गरेका कार्यक्रमको विवरण

| क्र. स. | विवरण( कार्यक्रम मार्फत के सामन | माग परिणाम | प्रति परिणाम अनुमा | जम्मा अनुमानित | केरावारी गाँउपालिकाले ब्यहोर्ने | उपभोक्ताले ब्यहो |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | मागिएको हो सोको विवरण अनिवार्य भर्नु पर्ने छ ) | | नित लागत रकम | लागत रकम | लागत साझेदारी रकम | र्ने लागत साझेदारी रकम |
| | | | | | | |

कार्ययोजना पेश गर्नेको

नाम :- संस्थाको

छाप :-

पद :-

दस्तखत :-

सम्पर्क नं. :-

## अनुसुची ४

## कार्यान्वयन योजना (Action plan)

मौरी जन्य उधोग साथै नर्शरी स्थापना गर्न आवेदन दिने किसानले भर्ने

| क्र.स. | के(क्रियाकलाप) | किन(नतिजा/उपलब्धी) | कसरी(प्रकृया/बिधि) | कहिले (समय/अवधी) | कस्ले(जिम्वेवारी) | |
|---|---|---|---|---|---|---|
| | | | | | मुख्य | सहयोग |
| | | | | | | |

तयार गर्नेको

नाम थर :-

संस्थाको नाम :-

हस्ताक्षर :-

## अनुसूची - ५

## अनुदान कार्यक्रम संचालनको लागि गरिने सम्झौता-पत्र

केरावारी गाँउपालिकाको, गाँउकार्यपालिकाको कार्यालय, कृषि तथा सहकारी शाखा मार्फत संचालन गरिने चालु आर्थिक बर्ष..........कोस्वीकृत बार्षिक कार्यक्रम कृषि विकास कार्यक्रम अन्तरगत ..............................................कार्यक्रम संचालन गर्न केरावारी गाँउपालिका, गाँउकार्यापालिकाको कार्यालय (यस पछी पहिलो पक्ष भनिने) र विशिष्टताको आधारमा छनौट भएका कृषक/उधमी/कृषि फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी/बहुउद्देश्य सहकारी संस्था श्री ....................................................................... (यस पछी दोश्रो पक्ष भनिने) विच तपशिलका शर्तनामाहरुको अधिनमा रहि कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमति भएको छ ।

**शर्तनामाहरु**

(१) यो सम्झौता पत्र पहिलो पक्ष र दोस्रो पक्ष बीच.......................................... कार्यक्रम कार्यान्वयनको लागि मात्र प्रयोग हुनेछ । यो सम्झौता, सम्झौता भएको मिति देखि प्रारम्भ भएको मानिनेछ । सम्झौता मितिले ७ दिन भित्र कार्य शुरु गर्नुपर्नेछ ।

(२) दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गरेको स्वीृकत प्रस्ताव पत्र बमोजिमको डिजाइन र इस्टिमेट अनुसार यस कार्यक्रमका लागि सम्झौता भएको

(क) कुल रकम रु ...................... (अक्षरुपी रु. ..........................................................................

मात्र ।)

(ख) कार्यालयले उपलब्ध गराउने अनुदान रकम (५०% वा बढीमा रु..........................) अक्षरुपी रु................मात्र ।

(ग) दोस्रो पक्षले प्राविधिकको सरसल्लाह र स्वीकृत प्रस्ताव बमोजिमको इस्टिमेट अनुसार कार्य सञ्चालन गर्नु पर्नेछ । साथै कार्य सम्पन्न भए पछि मात्र प्रचलित आर्थिक ऐन नियमानुसार करकट्टी गरी रकम भुक्तानी हुनेछ ।

(३) भुक्तानीका लागि दोस्रो पक्षले वडाको सिफारिस पत्र, कार्य सम्पन्न प्रतिवेदन, योजना अघि, योजना निर्माण गरिरहदा र योजना सम्पन्न पश्चात्को रंगिन तस्विर, जनश्रमको डोर हाजिरी, सामग्री खरिदको बील तथा भरपाई, दाखिला प्रतिवेदन र समुह/सहकारीको बैठकको निर्णयको प्रतिलिपि सहित भुक्तानीको लागि कार्यालयमा निवेदन गर्नुपर्नेछ । रकम भुक्तानी सम्बन्धित दोस्रो पक्षको बैकको खातामा भुक्तानी दिइनेछ ।

(४) दोस्रो पक्षले यसै कार्यक्रमको लागि आफ्नै श्रोत वाहेक कुनै सरकारी, गैह्र सरकारी संघ संस्थावाट सहयोग, अनुदान आदि प्राप्त गरेको भए स्पष्ट रुपमा पहिलो पक्षलाई जानकारी गराउनु पर्नेछ । दोस्रो पक्षले यस कार्यक्रम वा यसै प्रकृति बमोजिमको कार्यका लागि दोहोरो अनुदान प्राप्त गरि ठगी गरिएको पाएमा सोको जिम्मेवारी दोस्रो पक्षको हुनेछ । साथै दोस्रो पक्षले पहिलो पक्षबाट उपलब्ध गराएको सेवा सुविधाको दुरुपयोग गरी जनगुनासो आएमा सोको सम्पुर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

(५) कार्यक्रमको फरफराक कार्य सम्झौता वमोजिमको सम्पूर्ण कार्य (डिजाइन र इष्टिमेट अनुसार) यही आ.व.२०.....को २०......... .साल............ महिनाको ........... गते भित्र सम्पन्न गरी सक्नुपर्नेछ ।

(६) दोस्रो पक्षले कार्यक्रम संचालन स्थलमा सबैले देख्ने गरी अनिवार्य रुपले कार्यक्रमको नाम, अनुदानग्राहीको नाम, ठेगाना, सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित होडिङ्ग बोर्ड सबैले देख्ने गरी राख्नुपर्नेछ ।

(७) कार्यक्रम संचालनको दौरान दोस्रो पक्षको लापरवाहीको कारणवाट कुनै प्रकारको मानविय, भौतिक तथा आर्थिक हानी नोक्सानी भएमा त्यसको

सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ । साथै कार्यक्रम संचालनका दौरान वा सम्पन्न भए पश्चातको संचालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

(८) पहिलो पक्षले कुनैपनि बखत संचालित कार्यको अनुगमन/निरीक्षण गरी सम्झौता मुताबिक कार्य भए/नभएको हेर्न र आवश्यक सरसल्लाह सुझाव दिन सक्नेछ ।

(९) सम्झौता बमोजिमको कार्य नभई रकम दुरुपयोग हुन सक्ने देखिएमा पहिलो पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भङ्ग गर्न र हिनामिना भए बराबरको रकम दोस्रो पक्षबाट सरकारी बाँकी सरह असुल उपरको प्रक्रिया अगाडी बढाउन सक्नेछ ।

(१०) दोस्रो पक्षले सामग्री खरिद तथा निर्माण कार्यको सार्वजनिक जानकारी Public auditing गराउनुपर्नेछ ।

(११) कार्यक्रम सम्पन्न भई हस्तान्तरण भैसकेपछि सोको मर्मत सम्भार सम्बन्धी कार्य सम्बन्धित दोस्रो पक्षको हुनेछ ।

(१२) यस कार्यक्रम सम्बन्धी कुनै विवाद आएमा कार्यालयको निर्णयनै अन्तिम निर्णय हुनेछ ।

(१३) यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस वमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

दोस्रो पक्षको तर्फबाट
नामः
पदः
सम्पर्क नं :-
संस्थाको छाप

कृषि तथा सहकारी शाखाको तर्फबाट
नामः-
पद :-
सही

आज्ञाले,
होम प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत